नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तौलिहवा, कपिलवस्तु

सम्पर्क : ०७६-५६०१५९

daokapilvastu@gmail.com

जिल्ला प्रशासन कार्यालय कपिलवस्तु

मिति २०८१।०६।२३

## वडादशैंको अवसरमा दुर्गा मूर्ति विसर्जन कार्यलाई व्यवस्थित गर्ने सम्बन्धी सूचना।

नजिकै आइरहेका महान् चाडहरु वडादशैं, दीपावली, छठ, नेपाल सम्वत् लगायत सम्पूर्ण महत्वपूर्ण चाडवाडको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

चाडवाडलाई व्यवस्थित,मर्यादित र भयरहित वातावरणमा मनाउनका लागि स्थानीय प्रशासनले सुरक्षा योजना लागु गर्नुका साथै तौलिहवा र कृष्णनगरमा सम्पन्न समन्वय बैठक बमोजिम दशैको समयमा मूर्ति विर्सजन कार्यलाई व्यवस्थित गर्न सबैले तपसिल बमोजिम पालना गर्ने गरी यो सूचना जारी गरिएको छ।

तपसिल

१. सामाजिक संजाल तथा अनलाइनको दुरुपयोग नगर्ने र अरुको आत्म सम्मानमा ठेस पुग्ने खालका सामाग्री,लेख,विचार प्रकाशन/प्रसारण नगर्ने,अस्वाभाविक ध्वनी प्रदुषण हुने गरी डि.जे.नबजाउने ।

२. र्यालीमा मादक पदार्थ सेवन नगर्ने र हातहतियार प्रदशर्न नगर्ने।

३. मूर्ति विसर्जन हुने दिन मन्दिर/मस्जिद क्षेत्रको कम्तीमा ५० मिटर क्षेत्रमा मादक पदार्थ बिक्री वितरण तथा सेवन पूर्ण रुपमा बन्द गरिएको।

४. मूर्ति विसर्जनका लागि तोकिएका रुटहरुको अनिवार्य पालना गर्ने र अपरान्ह ५:०० बजे भित्रै विसर्जन कार्य सम्पन्न गरिसक्ने।

५. धार्मिक समूह/संस्थाले स्थानीय प्रशासनलाई जानकारी गराएर मात्र तोरण,झण्डा/पताका राख्ने र त्यसरी राखिएका तोरण,झण्डा,पताकाहरु कार्यक्रम समाप्त भएको ७ दिन भित्र स्वयंले हटाउने।

६. सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्षको संयोजकत्वको "मूर्ति व्यवस्थापन मूल समिति" गठन भएको हुँदा उक्त समितिसँग आवश्यक समन्वय गरी व्यवस्थापन गर्ने।

७. आफ्नो घरको भरपर्दो सुरक्षा व्यवस्था वेगर लामो दुरी तय गर्ने तथा सामाजिक संजालमा पोष्ट गर्ने कार्यले चोरी, डकैतीका घटना बढेको हुँदा सो तर्फ सचेत रहने।

८. कुनै व्यक्ति/संस्था/समूहले कुनै शंकास्पद गैरकानूनी कृयाकलाप गर्ने गरेको देखिएमा तत्काल नजिकको प्रहरीलाई खबर गरी सहयोग गर्ने।

०८१।०६।२३

विश्व प्रकाश अर्याल

प्रमुख जिल्ला अधिकारी